"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार: समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

स्थानीय सरकार

# तिलागुफा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

# शिक्षा, युवा तथा खेलकुद शाखा

गाल्जे, कालिकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/०८३

चलानी नं:-

## कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

(सूचना नं-२७)

(दोस्रो पटक सूचना प्रकाशित मितिः२०८३/01/३१)

चालू आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम (ससर्त अनुदान) अनुसार यस नगरपालिका अन्तर्गत सञ्चालित माध्यमिक विद्यालयहरु सबै र आधारभूत तह कक्षा १-८ सम्म सञ्चालित विद्यालयबाट देहायको मुख्य क्रियाकलाप अन्तर्गत देहायको उपक्रियाकलापहरु कार्यान्वयन गर्न यस अघि प्रकाशित सूचना बमोजिम पर्याप्त र सान्दर्भिक प्रस्तावहरु पेश हुन नआएकाले सो सम्बन्धी दोस्रो पटक प्रकाशित यसै सूचना बमोजिम तोकिएको शर्तहरुको अधीनमा रही सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्न सम्बन्धित सबैमा आवाहन गरिन्छ। साथै म्याद नाघी आएका प्रस्ताव उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत अवगत गराइन्छ।

(क) देहाय:

| क.सं. | मुख्य क्रियाकलापको नाम | उपक्रियाकलाप | हस्तान्तरित बजेट (रु.) | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| १. | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान (२.३.९ क्रियाकलाप नं.२.७.१३.१३) | १. विद्यालयमा भर्चुअल शिक्षण,इलर्निङ,पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | १०,००,०००। | २ | |
| | | २. नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयनका लागि कार्यसम्पादनमा आधारित अनुदान | १०,००,०००। | १ | |

२०८३/०१/३१

website: www.tilagufamun.gov.np

लिलाराज
वरिष्ठ शिक्षा अधिकृत(सातौं)

email id: lilarajbam327@gmail.com

२०८३/०१/३१

बिष्णु प्रसाद काफ्ले
प्रमुख प्रशासकीय अधिकृत

# तिलागुफा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा

गाल्जे, कालिकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०८२/०८३

चलानी नं:-

(ख) प्रस्ताव तयार गर्दा देहायको परिधि भित्र रही तयार गर्नुपर्नेछः

१. प्रस्ताव मुख्य क्रियाकलाप सँगै तोकिएका उपक्रियाकलाप कार्यान्वयन गर्न योग्य हुनु पर्नेछ ।
२. स्वीकृत उपक्रियाकलापसँग मेल नखाने प्रस्ताव स्वीकारयोग्य हुने छैन ।
३. प्रस्ताव तयार गर्दा हस्तान्तरित बजेटको सीमा भित्र रही तयार गर्नु पर्नेछ ।
४. असान्दर्भिक प्रस्तावलाई स्वीकार गरिने छैन ।
५. प्रस्तावमा अनिवार्यरुपमा क्रियाकलापगत रुपमा बजेटको अनुमान समावेश गरिएको हुनुपर्नेछ।
६. प्रस्ताव तयार गर्दा माथि उल्लिखित उपक्रियाकलापसँग सम्बद्ध विद्यालयको हालको अवस्था के कस्तो रहेको छ सो स्पष्ट साथ झल्किने गरी तयार गर्नु पर्नेछ ।
७. प्रस्ताव तयार सम्बन्धी अन्य आधारभूत तथ्यहरु समावेश भएको हुनु पर्नेछ ।
८. उपक्रियाकलाप २ को हकमा श्री महादेव माध्यमिक विद्यालय,फोइकोटले मात्र प्रस्ताव पेश गर्न पाउनेछ।
९. बुँदा नं ८ बमोजिम प्रस्ताव पेश गर्ने विद्यालयले क्रियाकलापसँग सम्बन्धित गत आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन समेत पेश गर्नुपर्नेछ ।
१०. प्रमुख प्रशासकीय अधिकृतलाई सम्बोधन गरिएको विद्यालयको कभर लेटर समेत प्रस्तावसाथ पेश गर्नुपर्नेछ।

२०८२/०९/२९
लिलाराज बम
(वरिष्ठ शिक्षा अधिकृत,सातौं)

२०८२/०९/२९
बिष्णु प्रसाद काफ्ले
(प्रमुख प्रशासकीय अधिकृत)